# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
बबरमहल, अनामनगर, काठमाण्डौं, नेपाल
Babarmahal, Anamnagar, Kathmandu, Nepal
(सार्वजनिक संस्थान लेखापरीक्षण महानिर्देशनालय)


पत्र संख्याः २०७९।८०
चलानी नम्बरः २८४

मितिः २०८०।२।३१

श्री अध्यक्षज्यू,
नागरिक लगानी कोष,
नयाँ बानेश्वर, काठमाडौं ।

**विषयः स्वतन्त्र लेखापरीक्षकको प्रतिवेदन ।**

**कैफियत सहितको राय**

हामीले यसैसाथ संलग्न नागरिक लगानी कोष तथा सहायक कम्पनीको २०७९ आषाढ मसान्तको एकीकृत वित्तीय अवस्थाको विवरण, सो मितिमा समाप्त भएको आर्थिक वर्षको एकीकृत नाफा नोक्सान विवरण, एकीकृत अन्य विस्तृत आम्दानीको विवरण, एकीकृत नगद प्रवाह विवरण तथा इक्विटीमा भएको परिवर्तनको एकीकृत विवरण र तत्सम्बन्धि लेखा नीति तथा लेखा टिप्पणी समावेश भएको वित्तीय विवरणको लेखापरीक्षण कार्य सम्पन्न गरेका छौं ।

हाम्रो रायमा यस प्रतिवेदनको कैफियत सहितको रायको आधार खण्डमा उल्लेखित विषयको प्रभाव बाहेक नागरिक लगानी कोषको संलग्न एकीकृत वित्तीय विवरणले नेपाल वित्तीय प्रतिवेदन मान बमोजिम २०७९ आषाढ मसान्तको एकीकृत वित्तीय स्थिति र सो मितिमा समाप्त भएको आर्थिक वर्षको एकीकृत वित्तीय कार्य तथा एकीकृत नगद प्रवाहको यथार्थ चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधारहरु**

१. **योजनाहरुको आय, व्यय, सम्पत्ति र दायित्वः** यस सम्बन्धी देखिएका व्यहोरा देहाय बमोजिम छन् ।

१.१. नेपाल वित्तीय प्रतिवेदन मानको वित्तीय प्रतिवेदनको वैचारिक संरचनाको खण्ड ४ मा उल्लेख भए बमोजिम वित्तीय प्रतिवेदनको तत्वहरुमा प्रतिवेदन निकायसँग सम्बन्धित सम्पत्ति, दायित्व, इक्विटी आय र व्यय पर्दछन् । नागरिक लगानी कोषले बचतकर्ताहरुबाट रकम लिई लगानीकर्ता हिसाब योजना तथा नागरिक एकाङ्क योजना संचालन गर्दै आएको छ । कोषले आफ्नो वित्तीय विवरण तयार गर्दा केन्द्रीय कार्यालयको आय, व्यय तथा सम्पत्ति र दायित्व मात्र प्रस्तुत गर्दछ । नागरिक लगानी कोषले बचतकर्ताबाट रकम लिई संचालन गर्दै आएको लगानीकर्ता हिसाब योजनाहरु तथा नागरिक एकाङ्क योजनाको आय, व्यय तथा सम्पत्ति र दायित्व आफ्नो वित्तीय विवरणमा


Phone: 01-4772220, 4771270, 4262958, Post Box: 13328
email: aag.mgmt@oagnep.gov.np/ dir.mgnt@oagnep.gov.np/ Web Page: www.oag.gov.np
"जनहितका लागि जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्धनमा विश्वसनीय लेखापरीक्षण संस्था"

प्रस्तुत गर्दैन । यसरी नागरिक लगानी कोषले आफैले संचालन गरेका योजनाहरुको आय, व्यय तथा सम्पत्ति र दायित्व आफ्नो वित्तीय विवरणमा प्रस्तुत नगर्दा नेपाल वित्तीय प्रतिवेदन मानको वैचारिक संरचना र लेखाको सामान्य सिद्धान्तको विपरित हुन जान्छ ।

१.२. यस वर्ष नागरिक लगानी कोषद्धारा सञ्चालित ७ वटा योजनाहरुको संचालन आम्दानी रु. १४ अर्ब ९५ करोड ९६ लाख र संचालन खर्च रु. १२ अर्ब ९२ करोड ४ लाख नागरिक लगानी कोषको वित्तीय विवरणको नाफा नोक्सान विवरणमा समावेश गरिएको छैन । यसै गरी, उक्त योजनाहरुको रु. २ खर्ब २० अर्ब ८१ करोड ४६ लाखको सम्पत्ति र दायित्वको पनि नागरिक लगानी कोषको वासलातमा प्रस्तुत गरिएको छैन ।

१.३. यसरी प्रचलित नेपाल वित्तीय प्रतिवेदन मानको वित्तीय प्रतिवेदनको वैचारिक संरचनाको खण्ड ४ को व्यवस्थालाई दृष्टिगत गर्दा कोषले आफ्नो वित्तीय विवरणमा केन्द्रीय कार्यालयका साथै आफूले संचालन गर्दै आएका योजनाहरुको आय, व्यय, सम्पत्ति र दायित्व समेत प्रस्तुत हुनुपर्ने देखिन्छ ।

२. **उपदान योजनाः** कर्मचारी सेवा शर्त सम्बन्धी आन्तरिक नियमावली, २०४८ को खण्ड १२.४ उपदान को अनुसूची ११ अनुसार बीमाङ्कीय व्यवस्था गर्ने गरिएको र उक्त व्यवस्था वापतको रकम आर्थिक बर्षको अन्तमा कर्मचारीहरुको व्यक्तिगत खातामै जम्मा गरिएको पाईयो । कर्मचारीहरुले सो खातामा मासिक तलबको ५ प्रतिशत रकम समेत जम्मा गर्दै आईरहेको पाईयो । कर्मचारी सेवा शर्त सम्बन्धी आन्तरिक नियमावली तथा वित्तीय विवरण तयार गर्दा कोषले प्रदान गर्ने उपदान परिभाषित सुविधा योजना रहेको प्रष्ट देखिन्छ । यसरी प्रदान गरिने परिभाषित सुविधा योजना अन्तर्गतको उपदान योगदानमा आधारित नहुने अवकाश योजना हुनपर्नेमा कोषले व्यवस्था वापतको रकम कर्मचारीहरुको व्यक्तिगत खाता मै जम्मा गरिदिंदा सो योजना योगदानमा आधारित अवकाश योजना हुन गएको पाईयो ।

३. **कोषमा रकमान्तरः** नागरिक लगानी कोषको संचालक समितिको २०६६।३।४ को बैठकको निर्णयले खूद मुनाफाको ५% बराबरको रकम कर्मचारी कल्याणकारी कोषमा बाँडफाँड गर्ने निर्णय गरेको देखिन्छ । सोहि निर्णय अनुसार यस वर्ष रु.३,३१,९५,५४२ र गत वर्ष रु.३,८८,४०,८०९ संचित मुनाफाबाट कर्मचारी कल्याणकारी कोषमा स्थानान्तरण गरिएको र यस वर्ष २०७६।७७ को रु.३,०९,८३,५२९ कोषले सञ्चालन गरेको लगानीकर्ता अवकाश योजनामा पठाएको देखिन्छ । उक्त रकम कोषले खर्च दाबी नगरी संचित मुनाफाबाट समायोजन गरेको देखिन्छ ।

४. **बैंक मौज्दातको हिसाब भिडानः** केन्द्रीय कोषतर्फ २०७९ आषाढ मसान्तमा ११ बैंक खातामध्ये ७ बैंक खातामा रहेको रु.२४,४९,४३,६२३ सकारात्मक मौज्दात तथा ४ बैंक खातामा रहेको रु.२४,४५,०६,३४७ ऋणात्मक मौज्दात समेत रु.४,३७,२७६ सकारात्मक देखिएतापनि बैंक विवरण अनुसारको रु.४,६२,५४,६८६ बैंक मौज्दात हिसाब भिडान गरेको पाइएन ।

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

**५. राष्ट्रिय बीमा संस्थानसँगको कारोवारः** यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्ः

५.१. कोष अन्तर्गतका योजनाहरुले राष्ट्रिय बीमा संस्थानमा सहभागी हुने योगदानकर्ताहरुको बार्षिक संकलन गरेको उमेर अनुसारको प्रिमियम रकम केन्द्रले राष्ट्रिय बीमा संस्थानमा बुझाउनु पर्ने हुन्छ । सो बापत संकलन गरिएको रकम र केन्द्रले संस्थानलाई बुझाएको रकम बीच रु.२१,९८,५९,३६८ को भिन्नता रहेको तथा संलग्न नहुनेहरुको हकमा कोषमै राखिएको रकम बीचको हिसाब मिलान गरेको पाइएन । साथै राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा बापत संकलन भएको रकम बराबर दायित्व देखाएको पाइएन । राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा बापत संकलन भएको रु.३,४४,७५,१६,८५१.०५ रहेको र केन्द्रले राष्ट्रिय बीमा संस्थानलाई दायित्व देखाएको रु.३,०६,८६,७३,०९९.५३ रहेको छ । फरक रु.३७,८८,४३,७५१.५२ को हिसाब मिलान गरेको छैन ।

५.२. कोषले सञ्चालन गरेको राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा योजना अन्तर्गत रहेका सम्पूर्ण राष्ट्रसेवकहरुको उमेर विवरण कोषको तथ्यांक प्रणाली अन्तर्गत नरहेकोले बीमा संस्थानमा भुक्तानी गरेको प्रिमियम राष्ट्रसेवक कर्मचारीहरुको सावधिक जीवन बीमा योजना संचालन कार्यविधि बमोजिम भएको पुष्टि हुने देखिएन ।

५.३. कोषले सञ्चालन गरेको राष्ट्रसेवक कर्मचारीको सावधिक जीवन बीमा योजनामा राष्ट्रिय बीमा संस्थानबाट ३९,१९८ जना योगदानकर्ताहरुको बीमालेख जारी भएको छैन ।

**६. नेपाल राष्ट्र बैंकसँगको कारोवारः** केन्द्रको लेखाप्रणालीमा नेपाल राष्ट्र बैंकमा रहेको मौज्दात रु.४,९०,५७,८१५ देखिन्छ भने राष्ट्र बैंकको समर्थन पत्र अनुसार रु.८१,२२,९८,६२३ मात्र रहेको देखिन्छ । फरक रकमको समायोजन हिसाब तयार नगरेकोले उक्त रकम सम्बन्धमा यकिन गर्न सकिएन ।

**७. लेखा नीति तथा टिप्पणीमा नेपाल वित्तीय प्रतिवेदन मान बमोजिमको खुलासाः** कोषले आफ्नो वित्तीय विवरण तयार गर्दा नेपाल वित्तीय प्रतिवेदनमानमा उल्लेख भए बमोजिम कर्मचारीलाई प्रदान गरिएको सम्पूर्ण सहुलियतपूर्ण कर्जाको सन्दर्भमा रोजगारदाताको योगदान, सोको लेखा नीति तथा टिप्पणीमा आवश्यक खुलासा समावेश गरेको छैन ।

हामीले नेपाल सरकारी लेखापरीक्षणमानको आधारमा लेखापरीक्षण कार्य सम्पादन गर्यौं । ती मान अनुरुपको हाम्रो दायित्व वित्तीय विवरणको लेखापरीक्षण प्रति लेखापरीक्षकको उत्तरदायित्व खण्डमा उल्लेख गरिएको छ । नागरिक लगानी कोषको वित्तीय विवरणको लेखापरीक्षणसँग सम्बन्धित आचार संहिता अनुसार हामी स्वतन्त्र छौं र हामीले हाम्रो उत्तरदायित्व निर्वाह गरेका छौं । हामीले व्यक्त गर्ने कैफियतसहितको रायको लागि हाम्रो लेखा परीक्षणले यथोचित आधार प्रदान गरेकोमा हामी विश्वस्त छौं ।

### लेखापरीक्षणका प्रमुख विषयहरु (Key Audit Matters)

संस्थाको वित्तिय विवरणको लेखा लेखापरीक्षणलाइ असर गर्ने प्रमुख विषयहरु लेखा परीक्षणको मुख्य विषयका रुपमा लिइएको छ । यस्ता प्रमुख विषयहरु लेखापरिक्षण तथा सोको राय व्यक्त गर्दा समग्रमा लिइएको छ, साथै उक्त प्रमुख विषयहरुका लागी बेग्लै राय व्यक्त गरिएको छैन । लेखापरीक्षणका यी प्रमुख विषयहरु देहाय बमोजिम पहिचान गरी लेखापरीक्षण गरिएको छः

| लेखापरीक्षणका प्रमुख विषयहरु | लेखापरीक्षकको प्रतिक्रिया |
|---|---|
| **लगानीको पहिचान , मापन तथा क्षयीकरणः** संस्थाको लगानी अन्तर्गत विभिन्न संस्थाहरुमा रहेको मुद्दती लगानी, नेपाल राष्ट्र बैंकको बचत तथा ऋण पत्रमा गरेको लगानी र विभिन्न संस्थाहरुको ऋण तथा शेयरमा गरिएको लगानी रहेको छ ।<br><br>लगानी मापनका विभिन्न आधारहरु रहेको तथा सो हिसाबको जटिलताका आधारमा लगानीको पहिचान, मापन तथा क्षयीकरणको विषयलाई लेखा परिक्षणमा प्रमुख बुँदाको रुपमा लिइएको छ । | लगानीको पहिचान, मापन तथा क्षयीकरणको सम्बन्धमा हाम्रो लेखा परीक्षणको प्रकृया देहाय बमोजिम रहेको छः<br>क) लगानीको मापन नेपाल लेखामान बमोजिम रहे नरहेको समीक्षा गरिएको ।<br>ख) संस्थाको Business Model तथा अपेक्षित नगद प्रवाहको समिक्षा गरिएको ।<br>ग) सूचिकृत लगानीको मापन २०७९ आषाढ ३२ को बजार मूल्य बमोजिम रहे नरहेको चेक जाँच गरिएको, तथा सूचिकृत नरहेको लगानीको मूल्यांकन परल मुल्यको आधारमा गरिएको ।<br><br>**हाम्रो लेखा परीक्षणको परिणामः** लगानीको पहिचान, मापन तथा क्षयीकरणमा कोषले अपनाएको लेखा नीति पर्याप्त रहेको र सो अनुसार नै लेखाङ्कन गरिएको पाईयो । |

**अन्य विषयः** लेखापरीक्षणका क्रममा देखिएका अन्य विषयहरु देहाय बमोजिम छनः

१. **सुविधाको उपयोगः** कर्मचारी बचत बृद्धि अवकाश कोष संचालन कार्यविधि, २०५९ को दफा १२ कार्यक्रममा जम्मा भएको रकमको भुक्तानी को खण्ड १ अनुसार देहायको अवस्थामा कार्यक्रममा जम्मा भएको रकम सहभागी कर्मचारीलाई भुक्तानी दिइने व्यवस्था छ ।

(क) कर्मचारीले सेवाबाट अवकाश प्राप्त गरेमा,

(ख) कर्मचारीको उमेर ५८ बर्ष पुगेमा, वा

(ग) कर्मचारी स्थायी रुपमा अपाङ्ग भएमा ।

माथि उल्लेखित अवस्था बाहेक अन्य कुनै पनि अवस्थामा भुक्तानी दिन नपाइने व्यवस्था छ ।

आयकर ऐन, २०५८ को दफा ६५ बमोजिम यदि अवकाश भुक्तानी एकमुष्ठ रूपमा गरिएको छ भने यसरी गरिएको भुक्तानी रकमबाट सो भुक्तानी रकमको पचास प्रतिशत वा पाँच लाख रूपैयाँमध्ये जुन बढी हुन्छ सो रकम घटाई हुने भुक्तानीलाई सो प्राकृतिक व्यक्तिको गैर व्यावसायिक करयोग्य सम्पत्तिको निसर्गबाट प्राप्त लाभ मानिने व्यवस्था छ ।

कर्मचारी बचत बृद्धि अवकाश कोषको यस वर्षको लेखापरीक्षणको क्रममा सहभागीले कर्मचारी बचत बृद्धि अवकाश कोष योजनाबाट खण्ड १ अनुसारको अवस्थामा भुक्तानी पश्चात सहभागीको खाता बन्द हुनुपर्नेमा फेरि सोहि सहभागीले पुरानै कार्यालयबाट नयाँ खाता खोली रकम जम्मा भएको देखिन्छ । यस वर्ष ३८८ सहभागीको खाता बन्द स्वरुप रु.३६,९९९,४५६.३० भुक्तानी गरिएको तर उक्त खाता पुरानै कार्यालयबाट पुनः खोलिएको

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

पाईयो । उक्त कार्य कर्मचारीको वास्तविक अवकाश नभई आयकर ऐन, २०५८ ले व्यवस्था गरेको सुविधाको लागि मात्र गरिएको देखिन्छ ।

२. **सहायक कम्पनीमा लगानीः** संचालक समितिको निर्णय नं २५८६ मिति २०७६।१०।२० मा नागरिक लगानी कोषको सहायक कम्पनी नागरिक स्टक डिलर कम्पनी लिमिटेडमा रु.२ अर्ब ५५ करोड ( ५१ %) लगानी गर्ने निर्णय गरिएको पाईयो । कर्मचारी बचत बृद्धि अवकाश कोष योजनाबाट सापटी लिएको रु.२,२२०,०००,००० मध्ये रु.८०,०००,००० ब्याज सहित भुक्तानी गरिसकेको र बाँकी रु.२,१४०,०००,००० हालसम्म पनि भुक्तानी गरेको छैन । उक्त सम्पूर्ण सापटी रकम अल्पकालीन समयको लागि मात्र सापटी लगिएको भनिए तापनि हालसम्म पनि उक्त रकम केन्द्रले भुक्तानी गरेको छैन । केन्द्रको स्टक डिलरमा लगानी अल्पकालीन लगानी नभई दिर्घकालीन लगानी भएको हुँदा साथै सो लगानी बापतको शेयर स्वामित्व समेत केन्द्रको भएकोले केन्द्रले सो लगानी योजनाको कोषबाट रकम लेनदेन देखाई लगानी गर्नु उपयुक्त देखिँदैन ।

३. **अन्तर योजना लेनदेन हिसाव भिडानः** आन्तरिक लेनदेन गर्दा आर्थिक वर्षको अन्त्यमा आन्तरिक लेनदेन हिसाब राफसाफ नगरिएको र देहाय बमोजिम आन्तरिक लेनदेन हिसाब देखिएको पाइयो ।

| विवरण | यस योजनाको वित्तीय विवरण अनुसार | अन्य योजनाको वित्तीय विवरण अनुसार | फरक (रु.) |
|---|---|---|---|
| लिनुपर्ने | | दिनुपर्ने दायित्व | |
| शिक्षक बीमा कोष योजना | ४,०१८,०३६,२८६ | ३,९९६,३६३,२७१ | २१,६७३,०१५ |
| लगानीकर्ता हिसाब योजना | ७७,७२१,३७८ | ४८,४२१,६९९ | २९,२९९,६७९ |
| सैनिक बीमा कोष योजना | ६४०,१५२,१७९ | ६४०,४६३,८१३ | (३११,६३४) |
| नागरिक एकांक योजना | ४५,४१८,९२३ | ४३,१२९,३२१ | २,२८९,६०२ |
| नागरिक पेन्सन योजना | ३३५,६४५ | १०९,०५२ | २२६,५९३ |
| सशस्त्र प्रहरी बीमा कोष योजना | १२९,५८८,६७९ | १२९,८८९,१६६ | (३००,४८७) |
| निजामती बीमा योजना | ४,२१७,६६२,६९९ | ४,०५८,०१६,१६९ | १५९,६४६,५३० |
| दिनुपर्ने दायित्व | | लिनुपर्ने | |
| नेपाल प्रहरी बीमा योजना | ४१२,११४,१४८ | ५९३,५७५,३४४ | (१८१,४६१,१९६) |
| राष्ट्रिय अनुसन्धान बीमा कोष | ६९५,०२८,९२९ | ६९४,६५६,५०० | ३७२,४२९ |

४. **आन्तरिक नियन्त्रण प्रणालीः** कोषको आन्तरिक नियन्त्रण प्रणालीले तल उल्लेख गरे बमोजिकका कार्यहरु समयमै सम्पन्न गर्न सकेको पाइएन ।

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

४.१. बैंक तथा अन्तर योजनाहरुको हिसाब भिडान, पेश्की तथा प्राप्त आम्दानीको सम्बन्धित खातामा हिसाब मिलान, लगानी र लेखा शाखाको विवरण मिलान गर्ने जस्ता हिसाब भिडान कार्यहरु भएको छैन ।

४.२. कोषको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६८ विनियम २१ बमोजिम तयार गर्नुपर्ने आम्दानी, खर्च तथा धरौटीको दैनिक, साप्ताहिक, मासिक विवरणहरु तयार गरिएको छैन र समयमै वित्तीय विवरणहरु तयार हुने गरेको छैन ।

४.३. प्रभावकारी तवरले विगतको लेखा परीक्षणमा उठाईएका कैफियतहरुको समाधान गर्ने कार्यहरु भएका छैनन् । उक्त देखिएका कमी कमजोरी सुधार गर्न आन्तरिक नीति, नियम तथा निर्देशिका तयार गरी जारी गर्नु पर्ने, आन्तरिक लेखापरीक्षणलाई एउटा परम्परागत निरन्तरता भन्दा पनि फरक ढंगले संस्थाको काम कार्यबाही र तरलताको चित्रण तथा विश्लेषण गर्न सक्ने गरी चुस्त बनाउनु पर्ने देखिन्छ ।

५. **संस्थागत सुशासनः** संस्थागत सुशासन प्रभावकारी रुपमा कार्यान्वयन गर्न सञ्चालकहरुले पालना गर्नु पर्ने आचार संहिता तयार गर्ने, संस्थाले विभिन्न कम्पनीहरुमा नियुक्त गरी पठाउने संचालकहरुको सीमा तथा काम कर्तव्य तोक्ने, यस्तो विनियमावली अर्थ मन्त्रालयको स्विकृती प्राप्त गरे पछि लागू गर्ने तथा अर्थ मन्त्रालयबाट निर्देशित नीति, नियमहरु कडाइका साथ पालना गर्नुपर्ने लगायतका सुधारका कामहरु लागू गर्नुपर्ने देखिन्छ । साथै नागरिक लगानी कोष ऐन, २०४७ को दफा २५(२) को प्रावधान अनुसार महिला संचालक नियुक्त गरिएको छैन ।

६. **प्रतिफल वितरणः** कोष अन्तर्गतका विभिन्न बीमा कोष र अन्य योजनाले योगदानकर्ताहरुलाई लाभ प्रदान गर्दा लगानी गरी प्राप्त आम्दानीबाट खर्चहरु घटाई हुन आउने खुद बितरण योग्य (खुद बचत) रकम बाट आवश्यक जगेडा राखी बाँकी रकम समानुपातिक रुपमा बितरण गर्नुपर्ने हुन्छ । कोष अन्तर्गतका विभिन्न बीमा कोष र अन्य योजनाले योगदानकर्ताहरुलाई प्रतिफल प्रदान गर्दा सञ्चालक समितिले तोकेको ब्याज (योजनाहरुमा ६.५ देखि ७.५ प्रतिशत) प्रदान गर्ने गरेको तथा उक्त ब्याज पश्चात् बाँकी रहने रकम जगेडा कोषमा रकमान्तर गरेको देखियो ।यसरी सहभागीहरुलाई ब्याज मात्र प्रदान गर्दा सम्बन्धित बीमाकोष वा योजनाको सहभागीहरुले उचित प्रतिफल समेत नपाएको साथै हाल कायम रहेका सहभागीहरुको योगदानको आय सोही सहभागीहरुलाई लाभ बितरण हुनु पर्नेमा भविष्यका सहभागीले लाभ पाउने देखिन्छ । योजनाहरुको जोखिम व्यवस्थापन तथा प्रतिफल समिकरणका लागी न्यूनतम कोष व्यवस्था गरी बाँकी सबै रकम सहभागीहरुलाई बाँडफाँड गर्नु पर्ने देखिन्छ ।

७. **लगानीः** यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

७.१. **नेपाल वायु सेवा निगमः** नेपाल वायु सेवा निगमसँग २०७४।२।२९ मा गरेको ऋण सम्झौता अनुसार वाइडबडी विमानको खरिद गर्न नेपाल सरकारको जमानीमा कोषले कर्मचारी बचत बृद्धि अवकाश योजना मार्फत रु.१२०००,०००,००० (बाह्र अर्ब) को दीर्घकालीन ऋण प्रवाह गरेको छ । निगमसँग २०७९ असार मसान्त सम्म पुँजीकृत गरिएको ब्याज रकम समेत रु. १६,५८१,२७१,९४६.३७ ऋण लगानी देखिएको छ । सम्झौता बमोजिम योजनाले नेपाल वायु सेवा निगमबाट सो ऋण लगानीको रकम प्राप्त गरेको छैन । सम्झौता बमोजिम

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

उक्त विमानको टिकट बिक्रीको ३० प्रतिशत रकम विशेष खातामा जम्मा गर्नुपर्ने व्यवस्था रहेकोमा सो को पालना भएको छैन ।

७.२. **माथिल्लो तामाकोशी हाइड्रो पावर कम्पनीः** माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेड र नागरिक लगानी कोष बीच दीर्घकालीन ऋण लिने दिने सम्बन्धमा २०६७।८।२१ गते दुई पक्षीय ऋण सम्झौता भएको र उक्त सम्झौता २०७८ चैत्रमा संशोधन गरी पुरक ऋण सम्झौता भएको देखिन्छ । पुरक ऋण सम्झौता बमोजिम आयोजनाले २०७८।५।४ बाट व्यापारिक उत्पादन शुरु गर्ने र २०७८।९।३० सम्म ब्याज पुंजीकरण गरी नयाँ कर्जा भुक्तानी तालिका स्वीकृत गरेको देखिन्छ । संशोधित कर्जा भुक्तानी तालिका अनुसार २०७८ चैत्र मसान्तबाट किस्ता भुक्तानी हुनुपर्ने अनुसार किस्ता भुक्तानी भएको देखिन्छ । गत वर्ष किस्ता भुक्तानी हुनुपर्ने अनुसार किस्ता भुक्तानी भएकाले जोखिम व्यवस्था गरिएको छैन । माथिल्लो तामाकोशी हाइड्रोपावर लिमिटेड सँग २०७९ असार मसान्त सम्म पुंजीकृत गरिएको ब्याज समेत रु.५,४६७,५३५,८११ ऋण लगानी देखिएको छ ।

७.३. **समस्याग्रस्त संस्थामा रहेको मुद्दती निक्षेपः** समस्याग्रस्त सस्थामा रहेको मुद्दती निक्षेप (बाँकी कुल साँवा रकम रु ६२५,९६२,२८८.११ मा कायम गरिएको साधारण ब्याज दर (४ प्रतिशत) कोष अन्तर्गत योजनाहरुको कोष लागत (बीमा कोषको हकमा ६.५ प्रतिशत) भन्दा पनि घटी रहेको छ । साथै समस्याग्रस्त भनिएका कतिपय वित्तीय संस्थाहरु हाल अन्य बैंकहरुमा मर्ज भईसकेका वा सामान्य सञ्चालनमा आईसकेको अवस्थामा यो रकम समस्याग्रस्त राखी न्यून ब्याज दरमा रकम लगानी गरेकोले कोष अन्तर्गतका योजनाहरुको कोष रकमको उचित उपयोग भएको पाइएन । समस्याग्रस्त मुद्दती निक्षेप वर्षको अन्त्यमा लिनुपर्ने देखाइएको रु.६२५,९६२,२८८.११ मा सम्बन्धित संस्थाले समर्थन गरे नगरेको यकिन गर्न समर्थन पत्र लिएको पाइएन ।

८. **नेपाल राष्ट्र बैंकसँगको कारोवारः** कर्मचारी बचत बृद्धि योजनाको वित्तीय विवरणमा नेपाल राष्ट्र बैंकसँगको कारोबार रु.२,३९७,०५०,१७० ले ऋणात्मक रहेको देखिन्छ । राष्ट्र बैंकको समर्थन पत्र अनुसार नागरीक लगानी कोषसँगको ब्यालेन्स रु.८१२,२९८,६२३ रहेकोमा सो रकममध्ये कर्मचारी बचत बृद्धि योजनाको रकम छुट्याई फरक रकमको भिडान गरिएको पाइएन ।

९. **सहायक कम्पनीको लेखापरीक्षणः** नागरीक लगानी कोषको सहायक कम्पनी नागरिक स्टक डिलर कम्पनी लिमिटेड रहेको छ । उक्त कम्पनीको २०७८।७९ को लेखापरीक्षण भएको वित्तीय विवरण अनुसार सो कम्पनीको कुल सम्पति, चालु दायित्व तथा आयकर पछिको नाफा/(नोक्सान) क्रमशः रु.३२,८८०,१२,९३२।४९, रु. ४,९८,७७,३४६।२३ र (रु.४३,१९,५६,४०६।८६) रहेको छ ।

१०. **सूचना प्रविधि प्रणालीः** नयाँ लेखा प्रणालीको विषयवस्तु तथा उपयोग हुने विषयहरुलाई समावेश गरी सफ्टवेयरको विकास गर्नुपर्नेमा नागरिक लगानी कोषले आफूले प्रयोगमा ल्याएको नयाँ लेखा प्रणालीमा सम्पत्ति आवेदन प्रतिवेदन तथा विवरणहरु, सहभागी ऋणीले अर्ध वार्षिक भित्र ब्याज भुक्तानी गरेमा सहभागीलाई उक्त किस्तामा तोकेको

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

ब्याजमा ०.५ प्रतिशत ब्याज छुट प्रदान गर्ने, एकांक योजनाको शेयर लगानी विक्रि लगानी निति तथा उल्लेख प्रतिशत भन्दा माथि नाफा गरी विक्री गर्नु पर्ने विषय जस्ता विवरणहरु सूचना प्रविधि प्रणालीमा प्रविष्ट गरिएको छैन ।

कोषले प्रयोजनमा ल्याएको NLK Web based software ले दिने तथ्यांक तथा विवरणहरु एक आपसमा मेल खाएको पाईएन । कर्मचारी बचत बृद्धि अवकाश कोषको २०७८।७९ को सहभागिको भुक्तानि रकमको लेखापरिक्षणको क्रममा NLK Web based software ले वास्तविक भुक्तानी रकम भन्दा फरक रकम प्रस्तुत गरेको केही उदाहरण निम्नलिखित छन् । सूचना प्रविधि प्रणाली र उक्त प्रणालीबाट निस्कने तथ्यांक फरक नपर्ने व्यवस्था गर्नुपर्दछ ।

| सहभागीको नाम तथा सहभागी कोड | वास्तविक भुक्तानी रकम | NLK Web Based software द्वारा देखाईएको भुक्तानी रकम | फरक रकम |
|---|---|---|---|
| 001KBB0129750 (6426343.0) RAM MANDAL | ४०५,२४१।४३ | ४०६,७५१।३३ | (१,५०९।९० |
| 001KBB0203452 (6133391.0) BIJENDRA DHOJ NAKARMI | ४९,०००।९९ | ६१,९१९।७७ | (१२,९१८।७८ |
| 001KBB0265802 (6168289.0) ICHHA WATI MALLA RANJIT | ३३,४५६।२२ | ३५,२९५।१२ | (१,८३८।९० |
| 001KBB0036794 (5482623.0) PRADEEP PAUDEL | १६५,४२२।४९ | १६२,३९७।५८ | ३,०२४।९१ |

११. **अन्य जानकारी:** अन्य जानकरीको जिम्मेवारी व्यवस्थापनमा रहन्छ । अन्य जानकारीमा वार्षिक प्रतिवेदनमा समावेश जानकारीहरु पर्दछन् तर, वित्तीय विवरण तथा लेखापरीक्षणको प्रतिवेदन भने समावेश हुँदैनन् । हामीलाई वार्षिक प्रतिवेदन यस लेखापरीक्षकको प्रतिवेदन जारी भएको मिति पश्चात प्राप्त हुने अपेक्ष रहेको छ ।

**व्यवस्थापन पत्र**

व्यवस्थापनले सुधार गर्नुपर्ने थप व्यहोराहरु यसै प्रतिवेदन साथ संलग्न व्यवस्थापन पत्रमा उल्लेख गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन तथा शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी**

नेपाल वित्तीय प्रतिवेदनमान बमोजिम वित्तीय विवरणहरु तयार पार्ने तथा यथोचित प्रस्तुतीकरण गर्ने, र जालसाजी वा त्रुटिका कारणले वित्तीय विवरणहरु सारभूत रुपमा गलत आँकडासहितका हुन नदिन व्यवस्थापनले आवश्यक ठानेका आन्तरिक नियन्त्रण प्रणालीहरुको जिम्मेवारी यस कोषको व्यवस्थापनमा रहेको छ ।

वित्तीय विवरणहरु तयार गर्दा यस कोषको अनवरत सञ्चालन मान्यतामा आधारित रही सञ्चालन हुन सक्ने क्षमताको निर्धारण गर्ने र सो सम्बन्धमा वित्तीय विवरणमा यथोचित खुलासा गर्ने जिम्मेवारी व्यवस्थापनमा रहेको छ । यस जिम्मेवारी अन्तर्गत कोषलाई खारेजीमा लैजाने, अन्य तरिकाले सञ्चालन बन्द गर्ने वा खारेजीमा लैजाने

महालेखा परीक्षकको कार्यालय
नेपाल

वा सञ्चालन बन्द गर्ने बाहेकको अन्य यथार्थवादी विकल्प नरहेको अवस्थामा बाहेक वित्तीय विवरणहरु अनवरत सञ्चालन मान्यतामा आधारित लेखा प्रणाली अवलम्बन गरी तयार गर्नु समेत पर्दछ ।

शासकीय भूमिका वहन गर्नेहरुको जिम्मेवारी वित्तीय प्रतिवेदनका प्रक्रियाहरुको निरीक्षण गर्नु हो ।

**लेखापरीक्षकको जिम्मेवारी**

हाम्रो उद्देश्य समग्र वित्तीय विवरणहरु, गलत विवरण, जालसाजी वा त्रुटीबाट मुक्त छन् छैनन् भन्ने कुरा उचित रुपमा सुनिश्चित गरेर उपयुक्त निष्कर्षमा पुगी मनासिव आश्वासन प्राप्त गरी आफ्नो राय सहित लेखापरीक्षण प्रतिवेदन जारी गर्नु हो। मनासिव आश्वासन प्राप्त भएता पनि नेपाल सरकारी लेखापरीक्षणमान अनुसार लेखापरीक्षण गर्दा वित्तीय विवरणहरुमा कुनै किसिमको गलत विवरण भएमा सो सधै पत्ता लाग्छ भन्ने छैन। गलत विवरण, जालसाजी वा त्रुटिबाट निम्तिन्छ र त्यस्ता गलत विवरण जसले सरोकारवालाहरुले सो गलत विवरण भएको वित्तीय विवरणलाई आधार मानि गरिएको निर्णयलाई प्रभाव पार्न सक्दछ, सोलाई प्राथमिकता दिइन्छ। लेखापरीक्षकको जिम्मेवारी सम्बन्धी अन्य कुराहरु:

१. वित्तीय विवरणहरुमा उल्लेख गरिएका रकमहरु तथा खुलासा गरिएका सूचना लगायत अन्य विवरण बारे पुष्टयाइएका येथेष्ट प्रमाण संकलन गर्ने ,प्रमाणको पूर्ण वा आंशिक वा छड्के परीक्षण गर्ने कार्यविधि लेखापरीक्षणमा समावेश हुन्छ। यसरी अवलम्बन गरिएका लेखापरीक्षण कार्यविधिमा वित्तीय विवरण जालसाजी वा त्रुटीबाट सारभूत रुपमा गलत आँकडासहित प्रस्तुत हुन सक्ने कुरामा अवलम्बन गरिने लेखापरीक्षणको जोखिम मूल्याङ्कन व्यवसायिक विवेकमा निर्भर हुन्छ। जालसाजीबाट निम्त्याइएको सारभूत गलत विवरण पत्ता नलाग्ने जोखिम त्रुटीबाट निम्तिएको भन्दा अधिक हुन्छ।

२. लेखापरीक्षणबाट जोखिम मूल्याङ्कन गर्ने क्रममा संस्थाको आन्तरिक नियन्त्रण प्रणालीको उपयुक्तता बारेमा परीक्षण गरिए तापनि यस्तो आन्तरिक नियन्त्रण प्रणालीको प्रभावकारिता बारे लेखापरीक्षकबाट राय व्यक्त गर्ने प्रयोजन रहेको छैन।

३. व्यवस्थापनले वित्तीय विवरण तयार गर्दा प्रयोग गरेका लेखा नीतिको सान्दर्भिकता विश्लेषण तथा लेखा अनुमानको औचित्यताको साथै वित्तीय बिवरणहरुको समष्टिगत प्रस्तुतीकरणको मूल्याङ्कन पनि लेखापरीक्षणमा समावेश हुन्छ।

४. लेखापरीक्षणका क्रममा संस्थाले चालु रुपमा निरन्तरता पाउने आधारमा शंका उत्पन्न भई घटनाहरु वा परिस्थितिहरुमा सारभूत अनिश्चितता रहेको वा नरहेको बारेमा प्रमाणका आधारमा व्यवस्थापनले प्रयोग गरेको अविच्छिन्नताको आधार उचित भएको निस्कर्ष निकालिन्छ। सारभूत अनिश्चितता रहेको निस्कर्ष भएमा वित्तीय विवरणमा भएका खुलासाका बारेमा लेखापरीक्षण प्रतिबेदनमा ध्यानाकर्षण गराइन्छ र ती खुलासा अपर्याप्त भएमा हाम्रो रायलाई संसोधन गरिन्छ। हाम्रो निस्कर्ष लेखापरीक्षण प्रतिवेदन जारी भएको मितिसम्म प्राप्त भएका प्रमाणहरुमा आधारित हुन्छ। तर, भविष्यका घटनाहरु वा परिस्थितिहरुका कारण संस्था अविच्छिन्न नरहन पनि सक्दछ।

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

५. व्यवस्थापनले तयार पारेको वित्तीय विवरणहरुको समग्र प्रस्तुति, ढाँचा र वित्तीय विवरण सम्बन्धी खुलासाहरुका अनुसार सो वित्तीय विवरणले संस्थाको कारोबार र घटनाहरुलाई उचित रुपमा प्रस्तुत गरेको वा नगरेको मूल्याङ्कन गरिन्छ।

६. अन्य विषयका साथसाथै लेखापरीक्षण योजना अनुसारको कार्यक्षेत्र, कार्य समय र लेखापरीक्षणको क्रममा पाइएका महत्वपूर्ण कैफियतहरू शासकीय कार्यभार बहन गर्ने व्यक्तिहरुलाई सम्प्रेषण गरिन्छ।

७. शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई हामीले स्वतन्त्रता सम्बन्धी आचार संहिताको परिपालना गरेको पत्र दिइन्छ र स्वतन्त्रतालाई असर गर्ने सबै सम्बन्धहरु र अन्य बिषयहरु जसले हाम्रो स्वतन्त्रतालाई समग्र रुपमा असर गर्न सक्दछ, सो बिषयहरुलाई निराकरण गरेको बारे पनि शासकीय कार्यभार बहन गर्ने व्यक्तिलाई सम्प्रेषण गरिन्छ।

(बासुदेव शर्मा अधिकारी)
उप-महालेखापरीक्षक